कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प.सं. : ०७५/०७६
च.नं. :
फोन नं.:-०८१-५४०००९

## संविधान दिवसको अवसरमा **नगरप्रमुख**द्वारा जारी शुभकामना वक्तव्य

आज २०७६ साल असोज ३ गते । नेपालको संविधान २०७२ जारी भएको चार वर्ष पुरा भई पाँचौं वर्ष प्रवेश गरेको छ । चार वर्ष अघि आजकै दिन हामी नेपाली जनताले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान प्राप्त गरेका थियौं । आज सबै नेपाली जनताले पाँचौं संविधान दिवसलाई राष्ट्रिय दिवसको रुपमा मनाउन लागिरहेका छौं । यस ऐतिहासिक अवसरमा नेपाली जनताको अधिकार प्राप्तिको आन्दोलनमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । यो राष्ट्रिय दिवसलाई **"संविधान दिवस तथा राष्ट्रिय दिवस हर्षोल्लासका साथ मनाऔं, घर घरमा राष्ट्रिय झण्डा फहराऔं, घर घरमा दीपावली गरौं"** भन्ने मूल नारा सहित यो दिवस मनाउँन पाउँदा हामीलाई गौरवको अनुभूती भैरहेको छ । यो दिन नेपाली जनताको लामो संघर्ष, वलिदान र प्रतिक्षापछि संविधान सभाबाट निर्मित संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान प्राप्त भएको दिन हो । संविधान दिवस एवं राष्ट्रिय दिवसको अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली नागरीकहरुलाई , विशेष त कोहलपुर नगरबासीहरुलाई सुख, शान्ति, प्रगति र समृद्धिका साथै देशमा राष्ट्रिय एकता, अखण्डता, सहकार्य एवम् आपसी सद्भाव कायम हुन सकोस् भन्ने शुभकामना समेत व्यक्त गर्न चाहन्छु ।

नेपाल अहिले एक महत्वपूर्ण ऐतिहासिक चरणमा रहेको छ । संविधान जारी भए पश्चात संविधान अनुसार सम्पन्न गर्नु पर्ने स्थानीय तहको निर्वाचन, प्रादेशिक र संघीय निर्वाचनहरु सम्पन्न भई तीन तहमा तीन प्रकारका सरकारहरु सञ्चालनमा रहेका छन् । यी सबै तहका सरकारहरुले राज्य संचालनका संवैधानिक र कानूनी व्यवस्था एवम् लोकतन्त्रका संरचनालाई थप संस्थागत र सुदृढ गरेका छन् । तीनै तहका सरकारहरुलाई बलियो बनाउन, एक आपसमा अधिकारहरुका बीच समन्वय गर्न तथा आफ्नो क्षेत्राधिकार भित्र एकल रुपमा सरकार सञ्चालन गर्न अधिकारहरु पनि संविधानले नै तोकिदिएको छ ।

संविधान ,कानून र नियमहरू राज्यका स्वरुप हुन ,जसले राज्य शक्तिको वितरण र प्रयोगलाई प्रत्यक्ष-अप्रत्यक्ष रुपमा निर्धारण गर्दछ । संविधान राज्यको मूल कानून हो । यसका आधारमा सरकार सञ्चालन हुन्छ । यसले राज्यको स्वरुप, सरकारका गतिविधि र राज्य तथा जनताबीचको सम्बन्धलाई मुखरित बनाउँछ । संविधानले शासनको स्वरुप निर्धारण गर्दछ । यसले नागरिकका अधिकार सुनिश्चित गर्दछ । नेपालको संविधान २०७२ संविधानसभाद्वारा बनाइएको नेपालको पहिलो र ऐतिहासिक संविधान हो । यो संविधान नेपालको सम्पूर्ण राजनैतिक शक्ति र नागरिक अधिकारको साझा दस्तावेज हो । **यो संविधानमा गणतन्त्र, लोकतन्त्र, संघीयता, समाजवाद, समावेशी जनसहभागिता, कानूनको शासन, विश्वव्यापी मानव अधिकारको प्रत्याभूति, पूर्ण प्रेस स्वतन्त्रता, वालिक मताधिकार, आवधिक निर्वाचन, स्वतन्त्र, निष्पक्ष, सक्षम न्यायपालिका जस्ता विषय समावेश गरिएको छ** । यो संविधानको कार्यान्वयन गर्नु ,यसको परिपालन गर्नु, यसलाई समयानुकूल नेपाली जनताका भावनाहरुलाई सम्बोधन गर्ने गरी संशोधन समेत गर्ने अधिकार पनि नेपाली जनता र उनीहरुद्वारा निर्वाचित प्रतिनिधिहरुमा रहेको छ । यस्तो उत्कृष्ट संविधानको पाँचौं दिवस मनाउन पाउदा हामी अत्यन्तै गौरवान्दित समेत भएका छौं ।

अन्त्यमा , आजको यस राष्ट्रिय दिवसको अवसरमा कोहलपुर नगरबासी सबै दाजु भाई दिदी बहिनीहरुलाई कोहलपुर नगरपालिकाको तर्फबाट पुनः शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

लूट बहादुर रावत

नगर प्रमुख

कोहलपुर नगरपालिका कोहलपुर बाँके